# अमर महिला सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. २, बर्दिया

## गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०४/०८ गते शुक्रबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. १२ र १३ मिति २०८३/०४/०१ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ तथा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **नागरिक राष्ट्रिय दैनिक** पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र दाखिला गर्न आह्वान गरिन्छ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर रु. | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| KH/15/18-a01-01-2083/04/08-p | समूहको घाटगद्धीमा | १ देखि १० सम्म (FT/H)<br>१ देखि ८ सम्म (TI) | १ | जामुन | ए | ७ | ११३.७० | ४०० | ४५४८०.० | ९४०६११.० | |
| | | | २ | जामुन | बि | १० | ७५.१५ | ३०० | २२५४५.० | | |
| | | | ३ | जामुन | सि | १५ | ७१.८३ | १०० | ७१८३.० | | |
| | | | ४ | मसला | N | ४० | २७२.५२ | १२५ | ३४०६५.० | | |
| | | | ५ | सागवन | ए | १ | ७.६ | ८०० | ६०८०.० | | |
| | | | ६ | सागवन | बि | २७ | ६०.१३ | ६०० | ३६०७८.० | | |
| | | | ७ | सिसौ वृ. | ए | २७ | २११.३५ | ७०० | १४७९४५.० | | |
| | | | ८ | सिसौ वृ. | बि | ४३१ | १०९६.२३ | ५०० | ५४८११५.० | | |
| | | | ९ | अस्ना | ए | ८ | ३००.३६ | ४०० | १२०१४४.० | | |
| | | | १० | अस्ना | बि | ९ | ११०.८७ | ३०० | ३३२६१.० | | |
| | | | ११ | अस्ना | सि | २१ | १३०.७७ | १०० | १३०७७.० | | |
| | | | १२ | साल | ए | ७२ | १२५३.७७ | १२५० | १५६७२१२.५ | | |
| | | | १३ | साल | बि | १५७ | १८५६.३८ | ९०० | १६७०७४२.० | | |
| | | | १४ | साल | सि | २९९ | १४९३.०२ | ६०० | ८९५८१२.० | | |
| | | | १५ | साल | डि | ३९ | ६९.४६ | ३०० | २०८३८.० | | |
| | | | १६ | खयर | N | ३१२ | ४००.४३ | १००० | ४००४३०.० | | |
| | | | १७ | बाँझी | N | ५ | ३०.८८ | १०० | ३०८८.० | | |
| | | | १८ | महुवा | N | ४ | १९.३३ | १०० | १९३३.० | | |
| | | | १९ | सादन | N | ३ | ११.७९ | ३०० | ३५३७.० | | |
| जम्मा | | | | | | १४८७ | ७५८५.५७ | | ५५७७५६५.५ | ९४०६११.० | |
| KH/15/18-a01-02-2083/04/08-p | समूहको घाटगद्धीमा | साल जातको दाउरा (२०'x५'x५' को) १६.०० चट्टा | | | | | | १२००० | १९२०००.० | २१८४००.० | |
| | | सिसौ/टिक जातको दाउरा (२०'x५'x५' को) २.०० चट्टा | | | | | | १२००० | २४०००.० | | |
| | | अन्य जातको दाउरा (२०'x५'x५' को) ८.०० चट्टा | | | | | | ४००० | ३२०००.० | | |
| जम्मा | | | | | | | | | ५८२५५६५.५ | ११५९०११.० | |

कुमारीम

शर्त तथा नियमहरुः

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०४/२८ गते बिहिबार ख) समयः कार्यालय समयभित्र

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०४/२९ गते शुक्रबार ख) समयः मध्यान्ह १२:०० बजेसम्म

३) बोलपत्र खोल्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०५/०१ सोमबार ख) समयः मध्यान्ह १२:०० बजे

४) बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **नागरिक राष्ट्रिय दैनिक** पत्रिकामा मिति २०८३/०४/०८ गते शुक्रबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ न्युनतम मुल्य भन्दा माथी कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, गुलरिया, बर्दियामा रहेको खाता नं. ४१४०१००००८३४४००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगद्धी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगद्धी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

१७) बोलपत्र फारमको तालिकामा तालिका भित्र लेख्नुपर्ने विवरणहरु तालिकाभित्रै लेख्नुपर्ने छ, सो बमोजिम नलेखेको पाईएमा बोपत्रफारम अमान्य हुनेछ।

कुमारीम



विपीको ४४औं स्मृति दिवसका अवसरमा बिहीबार राष्ट्रिय सभागृहबाट कांग्रेसको नयाँ अभियान घोषणा कार्यक्रममा पार्टी सभापति गगन थापालगायत । तस्बिर : नागरिक

# कांग्रेस विवाद फेरि सर्वोच्चमा

**पृष्ठ १ बाट**

फागुन २१ गतेको निर्वाचनअघि विदेश गएका देउवा साउनको अन्तिम सातासम्म काठमाडौं आउने निकटहरूको दाबी छ। देउवासहित विशेष महाधिवेशनको विपक्षमा रहेकाहरूले निर्वाचन आयोगले विशेष महाधिवेशनबाट सभापति बनेका थापा समूहलाई आधिकारिकता दिने निर्णय सदर गर्ने सर्वोच्च अदालतको पूर्वनिर्णयमा तथ्य, प्रमाण र कानुनको गलत विश्लेषण गरिएको दाबी गरेका छन् र त्यसलाई उल्ट्याउन माग गरेका छन् ।

**जनतासँग जोडिन्छौं : थापा**

उता कांग्रेस सभापति गगनकुमार थापाले जनतासँग जोडिएर कांग्रेसले काम गर्ने बताएका छन्। बिपी कोइरालाको ४४औं स्मृति दिवसका अवसरमा बिहीबार राजधानीमा आयोजना गरिएको कार्यक्रममा थापाले आगामी स्थानीय तह र प्रदेशसभा निर्वाचनमा हारिन्छ भन्ने डरले अरूसँग गठबन्धन नगरिने दाबी गरे। शक्तिको प्रतिस्पर्धा मात्रै राजनीति नभएको जिकिर गर्दै थापाले भने, 'हामी बिपी कोइरालाका कार्यकर्ता हौं। एउटा चुनावबाट मात्तिहाल्ने र एउटा चुनावबाट आत्तिहाल्ने होइनौं।'

कार्यक्रममा उपसभापति विश्वप्रकाश शर्माले कसैको आलोचना गरेर गन्तव्यमा पुग्न नसकिने बताए। बुधबार इतर पक्षको कार्यक्रममा बोल्ने अधिकांश नेताहरूलाई लक्षित गर्दै शर्माले भने, 'कसैले कतै भेला भएर एकदमै धेरै आलोचना गर्नुभयो भनेर त्यतातिर ढुंगा हानी राखेर हामी गन्तव्यमा पुग्न सक्दैनौं।' शर्माले पार्टीको विशेष महाधिवेशनबाट युवा नेता थापालाई कांग्रेसको सभापति र सिंगो देशको नेता बनाउने, प्रधानमन्त्री बनाएर देशलाई दशकमा बदल्ने संकल्प गरेर हिँडेका छौं।'

यसैबिच सभापति थापाले क्यान्सर रोगबाट गम्भीर बिरामी परेका नेता गोपालमान श्रेष्ठलाई वरिष्ठ नेता बनाइएको जानकारी पनि कार्यक्रममा गराए। जीवनका लागि संघर्ष गरी रहेका श्रेष्ठ लामो समय शेरबहादुर देउवासँग निकट रहेर काम गरेका थिए। विशेष महाधिवेशनका बेला थापा समूहमा खुलेका श्रेष्ठले विगतमा कार्यवाहक सभापति, उपसभापतिलगाय जिम्मेवारीमा रहेर काम गरेका थिए।

## स्मरण...

आफैंले स्थापना गरेको पार्टी र वामन्थीहरूले जीवनकालसम्म त्यसलाई त महत्त्व दिएनन् नै, सम्मान गर्न पनि आवश्यकता ठानेनन्। नेपाली कांग्रेसलगायत प्रजातान्त्रिक शक्तिसँग मिलेर संयुक्त जनआन्दोलन गरी पञ्चायती व्यवस्था परास्त गर्नुपर्छ भन्ने मत राख्दै आएका उनको २०३५ साउन ७ गते भारतको नयाँदिल्लीमा उपचारका क्रममा निधन भएको थियो। उनै पुष्पलालको बिहीबार ४८औं स्मृति दिवस विविध कार्यक्रम गरी मनाइएको छ। त्यसक्रममा नेपालका प्रमुख वामपन्थी दलका शीर्ष नेताहरूले एकता र सहकार्यमा जोड दिए। त्यति मात्र होइन, उनीहरूले जीवनकालमा पार्टीभित्रैबाट कम सम्मान पाएका पुष्पलालको योगदनको मुक्तकण्ठले प्रशंसा पनि गरे, लोकतान्त्रिक, प्रगतिवादी, वामपन्थी दलहरू एकताबद्ध हुनुपर्ने आवश्यकता औंल्याए।

एमाले अध्यक्ष केपी ओलीले दलहरूबिच आपसी एकता आवश्यक रहेको बताए। 'नेकपा एमाले एकताबद्ध छ, एकताबद्ध रहन्छ,' राजधानीमा आयोजित कार्यक्रममा भने, 'हामी सबै प्रगतिशील, लोकतान्त्रिक शक्तिहरू, वामपन्थी, लोकतान्त्रिक, देशभक्त शक्तिहरू मिलेर देशका लागि, जनताको हितमा र लोकतन्त्र फिर्ता ल्याउन, संविधानको रक्षा गर्न, सुशासन फेरि फिर्ता ल्याउन, कानुनी राज पुनः स्थापना गर्न दृढताका साथ एकजुट भएर अगाडि बढौं।' पार्टी आआफ्ना भए पनि सहकार्य गरेर जान सकिने बताउँदै उनले थपे, 'समान उद्देश्यका लागि समान काममा त जुटौं।'

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहालले गणतन्त्रपछि भएका राजनीतिक, सामाजिक र भौतिक विकासलाई नियोजित रूपमा अवमूल्यन गर्ने प्रयास भइरहेको गुनासो गरे। त्यसको रक्षाका लागि लाग्नुपर्ने जनाउँदै बिहीबार राजधानीमा आयोजित कार्यक्रममा उनले भने, 'यसका विरुद्ध फेरि एउटा नयाँ अभियान सञ्चालन गर्ने संकल्प गर्ने दिन हो।'

त्यस्तै नेकपाकै नेता झलनाथ खनालले पुष्पलाल स्मृति दिवसका अवसरमा सन्देश नै जारी गर्दै पुष्पलालको मार्गदर्शनबाट स्वयं कम्युनिस्ट आन्दोलनको नेतृत्व दक्षिणपन्थी दिशातर्फ विचलित भएको आरोप लगाएका छन्।

# नारायणघाट-मुग्लिन खण्डको विकल्प त्रिशूलीपारि

**पृष्ठ १ बाट**

सडक डिभिजन चितवनका प्रमुख नारायण लामिछानेका अनुसार यस वर्ष वर्षायाममा उक्त सडकखण्डमध्ये तुइनखोला, जलबिरे, सेतीदोभानलगायत चार ठाउँमा पटक पटक पहिरो गएको छ र पटकपटक सडक अवरुद्ध भएको छ। उनले भने, 'तीमध्ये तुइन खोलामा स्थायी रूपमै पहिरो रोक्ने उद्देश्यले सडक डिभिजन चितवनले २२ करोड रुपैयाँमा काम सुरु गरेको छ।' उनका अनुसार सडक अवरुद्ध हुनेबित्तिकै एक दुई घण्टामै पहिरो हटाउने गरिएको छ। विभागका महानिर्देशक डा. जैशीले भौगोलिक दृष्टिकोणबाट मुग्लिन नारायणघाट सडकको भूगोल कमजोर रहेको र उक्त सडकखण्डभन्दा माथि स्थानीय तहबाट जथाभाबी प्लटिङ निर्माण तथा सडकको ट्र्याक खन्ने गरिएकाले उक्त क्षेत्रमा सानो वर्षा हुँदा पनि पहिरो जाने गरेको बताए।

**इन्जिनियरिङमै त्रुटि**

भौगोलिक दृष्टिकोणबाट नारायणगढ-मुग्लिन सडकखण्डमा पहिरो र भूकम्पको सधैं जोखिम भइरहने भएकाले त्यसअनुसार यस सडकलाई सुरक्षित बनाउन डिजाइनिङ र भूप्रविधि इन्जिनियरिङमा ख्याल नपुगेको विज्ञहरू बताउँछन्। 'बिपी राजमार्ग बनाउन जसरी जिओलोजिकल इन्जिनियरिङ गरियो र सडकलाई सुरक्षित बनाउन ठुलो लगानी गरियो त्यसैले त्यस खण्डमा पहिरो गएको घटना कम आउने गर्छ,' भूप्रविधि विज्ञ तथा पूर्वाधार विकास मन्त्रालयका एक पूर्व सहसचिवले भने, 'तर अत्यन्त जोखिमपूर्ण भूगोल र कमजोर चट्टान भएको नारायणगढ-मुग्लिन सडकखण्डको स्तरोन्नति गर्दा यसको भौगोलिक संवेदनशीलतालाई त्यति ख्याल गरिएन।'

उनका अनुसार मुग्लिन-नारायणगढ राजमार्ग भूगोलका हिसाबले यस्तो रेखामा बनेको छ, त्यसको भूगोलमुनि तिब्बतियन प्लेट र इन्डियन प्लेट आपसमा जुध्ने गरेका छन्। तिब्बतियन प्लेटमाथि र इन्डियन प्लेट तल रही माथिको प्लेटले तलको प्लेटलाई धकेल्ने गर्छ। हिमालय क्षेत्रको करिब २२ सय किलोमिटर भूगोल भूकम्पीय दृष्टिकोणले सधैं जोखिमपूर्ण छ। त्यही जोखिमपूर्ण रेखानजिकै मुग्लिन-नारायणगढ सडकखण्ड रहेको विज्ञहरूको भनाइ छ।

'दुई प्लेटबिचको आपसी जुधाइले त्यहाँको चट्टान कमजोर बनेको छ। माटो पनि उत्तिकै कमजोर छ। यस्तो संवेदनशील भूगोलमा बनेको सडकको इन्जिनियरिङ डिजाइन गर्दा अन्य भूगोलभन्दा बढी संवेदनशील हुनुपर्थ्यो, त्यति भएन कि ?' उनले भने।

> भौगोलिक दृष्टिकोणबाट नारायणगढ-मुग्लिन सडकखण्डमा पहिरो र भूकम्पको जोखिममा भएकाले यसको विकल्प खोज्न लागिएको हो।

विज्ञका अनुसार नारायणगढ-मुग्लिन सडकखण्डको भूगोल एमसिटी (मेन सेन्टर थर्स्ट) र एमबिटी (मेन बाउन्ड्री थर्स्ट) को लाइनमा पर्छ। यी दुई रेखा हुन्। एमसिटी इन्डियन र तिब्बतियन प्लेटको सिमाना हो भने एमबिटी महाभारत पर्वत र चुरेबिचको सिमाना हो। यतिबेला एमबिटी लाइन सक्रिय भएको विज्ञहरू बताउँछन्। त्यसैले त्यस क्षेत्रको भूगोल बलियो छैन। यही कारण त्यस क्षेत्रमा माटो, ढुंगा कमजोर भई सधैं पहिरो जाने जोखिम भइरहन्छ। त्यसकारण यस क्षेत्रको जलाधारा क्षेत्रमा संरचना निर्माण गर्दा सडकलाई असर पर्ने गरी निर्माण गर्न नहुने विज्ञहरूको सुझाव छ। सामान्यतया सडक क्षेत्रभन्दा दायाँबायाँ २५/२५ मिटर बाहिरसम्मको क्षेत्रलाई राजमार्गले ओगट्ने गर्छ। त्यसैले सडक निर्माण गर्दा या स्तरोन्नति गर्दा मूल सडकभन्दा २५/२५ मिटर बाहिरसम्मको क्षेत्रलाई हेरेर संरचना बनाउने गरिन्छ तर भूगोलको अवस्था हेरेर सडकभन्दा ४०/५० मिटरसम्म हेर्ने गरिन्छ।

# कक्रोच : मोदीका लागि राजनीतिक परीक्षा

**पृष्ठ १ बाट**

सुरुमा सामाजिक सञ्जालमा व्यंग्यका रूपमा जन्मिएको यो अभियान अहिले हजारौं युवालाई सडकमा उतार्ने वास्तविक राजनीतिक आन्दोलनमा परिणत भएको छ।

आन्दोलनको तत्कालीन कारण मेडिकल शिक्षामा भर्नाका लागि लिइने राष्ट्रिय योग्यता तथा प्रवेश परीक्षा (निट) को प्रश्नपत्र चुहावट हो। गत मे महिनामा लिइएको यो जाँच प्रश्नपत्र चुहावट पुष्टिपछि रद्द गरियो। यसबाट २० लाखभन्दा बढी विद्यार्थीले पुनः परीक्षा दिनुपर्‍यो। करोडौं रुपैयाँ खर्च, महिनौंको तयारी र मानसिक तनाव बेहोरेका विद्यार्थीका लागि यो केवल प्रशासनिक कमजोरी मात्र होइन, भविष्यसँग गरिएको अन्याय थियो। यहीनेरबाट आन्दोलन उठ्यो।

युवामाझ बढ्दो बेरोजगारी, सीमित रोजगारीका अवसर, प्रतिस्पर्धात्मक परीक्षामा पटकपटक हुने अनियमितता र संस्थाप्रतिको घट्दो विश्वासले आन्दोलनलाई राष्ट्रिय स्वरूप दियो। युवा आन्दोलनलाई सिजेपीले समर्थन गर्‍यो। आन्दोलनको नेतृत्व लिँदै सिजेपीले शिक्षामन्त्री प्रधानको राजीनामा, परीक्षा प्रणालीमा व्यापक सुधार, स्वतन्त्र परीक्षा निकाय, विद्यार्थी अधिकारको सुनिश्चितता र संसद्को नियमित निगरानीजस्ता माग अघि सारेको छ। उसले न्यायपालिका, निर्वाचन प्रणाली, महिला प्रतिनिधित्व र सञ्चारमाध्यमको स्वतन्त्रतासम्बन्धी व्यापक राजनीतिक अजेन्डासमेत सार्वजनिक गरेको छ।

सिजेपीको जन्म पनि आफैंमा रोचक छ। प्रधानन्यायाधीशले एक सुनुवाइका क्रममा केही बेरोजगार युवालाई 'कक्रोच' र 'परजीवी'सँग तुलना गरेपछि अमेरिकामा अध्ययनरत अभिजित दिप्केले सामाजिक सञ्जालमा व्यंग्यात्मक प्रतिक्रिया दिए, 'यदि सबै कक्रोचहरू एकजुट भए भने के हुन्छ ?' दिप्केको यो प्रश्न केही सातामै लाखौं युवाको साझा माग बन्यो। दिप्केको सामाजिक सञ्जालमा दुई करोडभन्दा बढी समर्थक जोडिए, आन्दोलनको डिजिटल प्रभाव तीव्र बन्यो। अन्ततः दिप्के भारत फर्केर आन्दोलनको प्रत्यक्ष नेतृत्व लिए।

नयाँदिल्लीमा गत सोमबार संसद् भवनतर्फ मार्च गर्न खोजेका प्रदर्शनकारीलाई प्रहरीले बल प्रयोग गरी अघि बढ्न रोक्यो। झडपमा करिब १८० जना घाइते भएको दिल्ली प्रहरीले जनाएको छ। आन्दोलन पक्षधरले भने यो भन्दा बढी घाइते भएको र सय बढीको उपचार भइरहेको दाबी गरेको छ। झडपपछि संसद् मार्च स्थगित गरिए पनि जन्तरमन्तरमा धर्ना निरन्तर जारी छ।

> सरकारले परीक्षा सुधार, पारदर्शिता र जवाफदेहिताका विषयमा ठोस कदम चाल्न सके आन्दोलन क्रमशः मत्थर हुन सक्छ। तर बल प्रयोग र राजनीतिक आरोप-प्रत्यारोपमै सरकार रमाउने हो भने शिक्षा प्रणालीमा सुधारको मुद्दाबाट सुरु भएको यो आन्दोलन राजनीतिक सत्ता प्रणालीविरुद्ध नै रूपान्तरण हुन सक्छ।

सरकारको दमनले आन्दोलनलाई दबाउनुको सट्टा थप राजनीतिक बनाइदिएको देखिन्छ। विपक्षी दल भारतीय राष्ट्रिय कांग्रेसका नेता राहुल गान्धी स्वयं आन्दोलनको समर्थनमा प्रधानमन्त्री निवास पुगेका थिए, जहाँ उनी केही समयका लागि नियन्त्रणमा परे। त्यसपछि संसद्भित्र र बाहिर विपक्षी सांसदले आन्दोलनलाई समर्थन गर्दै सरकारसँग जवाफ मागे। यसले विद्यार्थी आन्दोलनलाई राष्ट्रियबहसको केन्द्रमा पुर्‍याइदिएको छ।

अन्तर्राष्ट्रिय विश्लेषकहरूका अनुसार यो आन्दोलन सामान्य विरोध होइन। एसिया-प्रशान्त क्षेत्रका राजनीतिक जोखिम विश्लेषकहरूले भारतमा असन्तुष्टि देशभरि फैलिएको र प्रदर्शनमा सहभागी हुनेको संख्या बढ्दै गएको बताएका छन्। जोखिम विश्लेषणसम्बन्धी अन्तर्राष्ट्रिय संस्था 'भेरिस्क म्यापलकफ्ट'ले भारतलाई नागरिक अशान्तिको हिसाबमा उच्च जोखिम भएका मुलुकमध्ये राखेको छ। संस्थाका अनुसार मोदी सरकारप्रतिको असन्तुष्टि आन्दोलनमा प्रकट भएको छ। यसमा मोदीभन्दा अघिल्ला सरकारलाई दोष थोपर्न मिल्ने अवस्था छैन। किनकी मोदी निरन्तर तेस्रो कार्यकाल सत्तामा छन्। सन् २०२९ को आमनिर्वाचनअघि मोदी नेतृत्वको सरकारप्रति वितृष्णा अर्थात् 'एन्टी-इन्कम्बेन्सी' भावना निर्माण हुन थालेको विश्लेषण गरिएको छ।

मोदी सरकारले भने आन्दोलनलाई राजनीनीकरण गरिएको चित्रण गर्न खोजेको छ। शिक्षामन्त्री प्रधानले विद्यार्थीका जायज चासोबारे संसद्मा छलफल गर्न सरकार तयार रहेको बताएका छन्। तर आन्दोलनकारीले प्रणालीगत सुधार र राजनीतिक जिम्मेवारी खोजिरहेका छन्।

युवा आन्दोलनको अर्को विशेषता नेतृत्व शैली हो। परम्परागत राजनीतिक दल वा विद्यार्थी संगठनभन्दा फरक, सामाजिक सञ्जालमार्फत संगठित भएको 'जेन-जेड' पुस्ताले मीम, व्यंग्य, डिजिटल अभियान र प्रत्यक्ष सडक आन्दोलनलाई एकैसाथ प्रयोग गरिरहेको छ। यसले भारतको राजनीतिक आन्दोलनको शैली नै परिवर्तन हुन थालेको संकेत पनि दिएको छ। सन् २०२०-२१ को किसान आन्दोलनपछि मोदी सरकारविरुद्ध ठुलो जनदबाबका रूपमा यसलाई हेर्न थालिएको छ।

आन्दोलनको भविष्य अझै अनिश्चित छ। सरकारले परीक्षा सुधार, पारदर्शिता र जवाफदेहिताका विषयमा ठोस कदम चाल्न सके आन्दोलन क्रमशः मत्थर हुन सक्छ। तर बल प्रयोग र राजनीतिक आरोप-प्रत्यारोपमै सरकार रमाउने हो भने शिक्षा प्रणालीमा सुधारको मुद्दाबाट सुरु भएको यो आन्दोलन राजनीतिक सत्ता प्रणालीविरुद्ध नै रूपान्तरण हुन सक्छ।

# व्यापार घाटा १८ खर्ब

**पृष्ठ १ बाट**

कृषि तथा पशुजन्य वस्तुको आयात पनि चिन्ताजनक अवस्थामा छ। पर्याप्त खेतीयोग्य भूमि, जलस्रोत र श्रमशक्ति हुँदाहुँदै दैनिक उपभोगका खाद्यान्न, तरकारी, फलफूल, मासुजन्य सामग्री तथा प्रशोधित खाद्य वस्तु विदेशबाट आयात भइरहेको छ। स्वदेशमै उत्पादन गर्न सकिने वस्तुको समेत आयात बढ्नु कृषि उत्पादन, प्रशोधन उद्योग र आपूर्ति प्रणाली कमजोर रहेको संकेत हो।

निर्याततर्फ भने प्रशोधित भट्टमासको तेल सबैभन्दा अगाडि छ। गत आर्थिक वर्षमा यसको निर्यात मूल्य १ खर्ब २८ अर्ब ७४ करोड रुपैयाँ पुगेको छ, जुन कुल निर्यातको झण्डै ४० प्रतिशत हो। त्यसपछि १२ अर्ब ६४ करोड ७८ लाख रुपैयाँबराबरको अलैंची, १० अर्ब ३८ करोड रुपैयाँबराबरको गलैंचा, ८ अर्ब ९४ करोड ३३ लाख रुपैयाँबराबरको सनफ्लावर तेल, ७ अर्ब १४ करोड रुपैयाँबराबरको जुटजन्य सामग्री र ६ अर्ब ६६ करोड रुपैयाँबराबरको पाम तेल निर्यात भएको छ।

निर्यात संरचनाको अध्ययन गर्दा निर्यात अझै दिगो र उत्पादनमुखी बन्न नसकेको देखिन्छ। प्रशोधित भट्टमासको तेल, सनफ्लावर तेल र पाम तेलजस्ता वस्तु मुख्यतः कच्चा पदार्थ आयात गरी प्रशोधनपछि पुनः निर्यात गरिन्छ। यस्तो निर्यातले निर्यातको तथ्यांक बढाए पनि त्यसबाट सिर्जना हुने वास्तविक मूल्य अभिवृद्धि सीमित हुन्छ। नेपालमा अलैंची, गलैंचा, जुटजन्य सामग्री, चिया, हस्तकला तथा अन्य कृषि उत्पादन वास्तविक प्रतिस्पर्धात्मक क्षमता भएका निर्यातयोग्य वस्तु भएकाले यिनको निर्यात बढाउन आवश्यक छ।

सरकारले निर्यात वृद्धि गर्न नगद अनुदान, सहुलियतपूर्ण कर्जा, औद्योगिक प्रोत्साहन र विभिन्न कर छुटका कार्यक्रम सञ्चालन गर्दै आएको छ। तर ती कार्यक्रमबाट अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। उद्योगी व्यवसायीका अनुसार उत्पादन लागत उच्च हुनु, विद्युत्, ढुवानी र पूर्वाधारको समस्या, निर्यात प्रक्रिया जटिल हुनु र अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न कठिन हुनु निर्यातका प्रमुख चुनौती हुन्।

व्यापार घाटा घटाउन आयात नियन्त्रणभन्दा पनि उत्पादन वृद्धि र निर्यात विस्तारमा जोड दिनुपर्ने विज्ञ मत छ। कृषि, जलविद्युत्, सूचना प्रविधि, पर्यटन, जडीबुटी, हस्तकला तथा प्रशोधन उद्योगमा लगानी विस्तार गर्नसके आयात प्रतिस्थापनसँगै निर्यात बढाउन सकिन्छ। त्यसका लागि दीर्घकालीन औद्योगिक नीति, उत्पादनमैत्री कर प्रणाली, सहज वित्तीय पहुँच, आधुनिक कृषि प्रणाली तथा निर्यात बजारको विविधीकरण आवश्यक छ।

नेपालले पछिल्ला वर्षमा विद्युत् निर्यातबाट उल्लेखनीय विदेशी मुद्रा आर्जन गर्न थालेको छ। ऊर्जा क्षेत्रसँगै कृषि, उद्योग र उत्पादनमूलक क्षेत्रमा पनि यस्तै सुधार गर्न सके व्यापार घाटा क्रमशः घटाउँदै अर्थतन्त्रलाई आत्मनिर्भर बनाउने आधार तयार हुन सक्छ।

# मेडिकल-नर्सिङमा ए-लेभल किन अमान्य ?

**पृष्ठ १ बाट**

नर्सिङमा उच्च शिक्षा हासिल गर्ने लक्ष्यसहित उनले पहिलो वर्षमै बायोलोजी, केमेस्ट्रीसहित आवश्यक पाठ्यघण्टा पुग्ने गरी विषय छनोट गरी दुई वर्षको ए-लेभल अध्ययन पूरा गरिन्। यसका लागि उनको करिब १६ लाख रुपैयाँ खर्च भयो तर स्नातक तहमा नर्सिङ अध्ययनका लागि उनी अयोग्य ठहरिइन्। 'मैले नेपाल सरकारको वेबसाइटमा ए-लेभललाई कक्षा १२ सरह समकक्षता दिने व्यवस्था देखें। विज्ञान विषय पढेपछि कक्षा १२ को विज्ञानसरह मान्यता पाइने रहेछ,' प्रीतिले नागरिकसँग भनिन्, 'कलेजले पनि फिजिक्स अप्ठ्यारो लागे नपढे हुन्छ भन्यो। मैले बायोलोजी र केमेस्ट्री पढेपछि मेडिकलतर्फ जान पाइन्छ भन्ने बुझेर अध्ययन गरें र उत्तीर्ण पनि भएँ। तर अस्ट्रेलियामा नर्सिङ अध्ययनका लागि शिक्षा मन्त्रालयले एनओसी दिएन। चिकित्सा शिक्षा आयोगले पनि कमन प्रवेश परीक्षामा सहभागी हुन अयोग्य ठहर गरिदियो।'

विद्यार्थीले भविष्यमा अध्ययन गर्ने विषयबारे समयमै स्पष्ट जानकारी नपाउँदा र कलेजहरूले पनि पर्याप्त शैक्षिक परामर्श नदिँदा विद्यार्थीको भविष्य अन्योलमा परेको देखिन्छ। प्रीतिकी आमा रीता अर्याल भन्छिन्, 'ए-लेभललाई कक्षा १२ सरह मान्यता दिने सरकारी व्यवस्था देखें। छोरीलाई विदेशमा नर्सिङ पढाउने उद्देश्यले ए-लेभलमा भर्ना गराएँ। दुई वर्षमा १६ लाख रुपैयाँ खर्च भयो तर चिकित्सा शिक्षा आयोगले फिजिक्स, केमेस्ट्री र बायोलोजी तीनै विषय अनिवार्य अध्ययन गरेकालाई मात्रै कमन प्रवेश परीक्षामा बस्न दिने रहेछ। सरकार, कलेज र आयोगबिचको नीतिगत अस्पष्टताका कारण विद्यार्थीको भविष्य अन्योलमा परेको रहेछ।' उनका अनुसार शैक्षिक परामर्शदाताले नर्सिङको सट्टा अर्को विषय रोजेर विदेश जान सुझाव दिएका छन्। 'अब के गर्ने ? १६ लाख खर्च भइसक्यो। अस्ट्रेलिया, अमेरिकालगायत देशमा विषय परिवर्तन गरेर जाने र पछि स्विच गर्ने नेपाली विद्यार्थीको प्रवृत्तिका कारण करिब ७० प्रतिशत भिसा अस्वीकृत हुने अवस्था छ,' उनले भनिन्, 'रुचिअनुसारको विषय पढ्न नपाउँदा छोरी निकै चिन्तित छे।'

**मान्यता छ तर भर्नामा अवरोध**

नेपालमा ए-लेभल अध्ययन गरेका विद्यार्थीले विश्वविद्यालयका अधिकांश स्नातक कार्यक्रम अध्ययन गर्न पाउँछन् तर चिकित्सा शिक्षा आयोगले तोकेका न्यूनतम योग्यता, विषयगत अध्ययन र ग्रेडसम्बन्धी मापदण्ड पूरा नभएको भन्दै ए-लेभल विद्यार्थी चिकित्सा शिक्षाको एकीकृत प्रवेश परीक्षामै सहभागी हुन पाएका छैनन्। आयोगका अनुसार चिकित्सा शिक्षामा भर्ना हुन जीवविज्ञान, रसायनशास्त्र र भौतिकशास्त्र निश्चित मापदण्डअनुसार अध्ययन गरेको हुनुपर्छ। ए-लेभलको विषय छनोट, क्रेडिट संरचना र मूल्यांकन प्रणाली नेपालको कक्षा १२ को प्रणालीभन्दा फरक भएकाले समकक्षता मात्र पर्याप्त नहुने आयोगको तर्क छ।

चिकित्सा शिक्षा आयोगका सूचना अधिकारी अर्जुन ढकालका अनुसार स्वदेश वा विदेशमा मेडिकलतर्फ स्नातक अध्ययन गर्न नेपाली पाठ्यक्रमअनुसार फिजिक्स, केमेस्ट्री र बायोलोजी तीनै विषय अनिवार्य अध्ययन गरेको हुनुपर्छ। 'आयोगको कमन प्रवेश परीक्षामा विज्ञानतर्फका यी तीन वटै विषय अध्ययन गरेका विद्यार्थी मात्रै सहभागी हुन पाउँछन्,' उनले भने, 'आयोगको नियमअनुसार कमन प्रवेश परीक्षा उत्तीर्ण नगरेका विद्यार्थीले स्वदेश वा विदेश अध्ययनका लागि आवश्यक अनुमति पाउँदैनन्। यही आधारमा शिक्षा मन्त्रालयले पनि एनओसी दिने हो।' उनका अनुसार ए-लेभल वा आइबीमा विषय छनोट गर्दा आवश्यक संयोजन नमिलेर मेडिकल शिक्षामा समस्या आउन सक्छ। त्यसैले विद्यार्थी, अभिभावक र कलेज सबै सुरुदेखि नै सचेत हुनुपर्ने उनको भनाइ छ।

**विवाद कहाँबाट सुरु भयो ?**

विगतमा समकक्षता प्राप्त गरेका धेरै ए-लेभल विद्यार्थीले चिकित्सा शिक्षा अध्ययन गरेका उदाहरण छन् तर पछिल्ला वर्षमा चिकित्सा शिक्षा आयोगले विषयगत योग्यता र सिकाइ घण्टाको व्याख्या कडा बनाएपछि केही विद्यार्थीका आवेदन अस्वीकृत हुन थालेका हुन्। यसले एउटै समकक्षता प्रमाणपत्र भएका विद्यार्थीमध्ये कसैले अवसर पाउने र कसैले नपाउने अवस्था सिर्जना भएको भन्दै अभिभावक, विद्यार्थी तथा ए-लेभल सञ्चालन गर्ने शैक्षिक संस्थाहरूले स्पष्ट नीतिको माग गरेका छन्।

सूचना अधिकारी ढकालका अनुसार चिकित्सा शिक्षा अत्यन्त संवेदनशील क्षेत्र भएकाले न्यूनतम शैक्षिक योग्यता, विषयगत आधार र वैज्ञानिक अध्ययन सुनिश्चित गर्न आवश्यक छ। अन्तर्राष्ट्रिय पाठ्यक्रमका विद्यार्थीले पनि नेपालले निर्धारण गरेको विषयगत मापदण्ड पूरा गरेपछि मात्रै चिकित्सा शिक्षामा प्रवेश पाउन सक्ने उनको भनाइ छ।

**विद्यार्थीको गुनासो**

ए-लेभल अध्ययन गरेका विद्यार्थीका अनुसार सरकारले समकक्षता दिने तर सोही समकक्षताका आधारमा चिकित्सा शिक्षामा आवेदन दिन नपाइने व्यवस्था विरोधाभासपूर्ण छ। विदेशी पाठ्यक्रम अध्ययन गर्न प्रोत्साहन दिने तर त्यसको उपयोग नेपालमै गर्न नदिने नीति न्यायोचित नभएको उनीहरूको भनाइ छ। अभिभावकहरू पनि लाखौं रुपैयाँ खर्चेर अध्ययन गराएका विद्यार्थीको भविष्य अन्योलमा परेको भन्दै स्पष्ट कानुनी व्यवस्था गर्न सरकारसँग माग गरिरहेका छन्।

**विद्यालयहरूको धारणा**

नेपालमा ए-लेभल सञ्चालन गर्ने विद्यालयहरू अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त पाठ्यक्रमका विद्यार्थीलाई नेपालमा अवसरबाट वञ्चित गर्नु उचित नभएको बताउँछन्। ती विद्यालयहरूका अनुसार आवश्यक भए समकक्षता प्रणालीलाई थप स्पष्ट बनाउन सकिन्छ तर विद्यार्थीलाई पूर्ण रूपमा अवसरबाट रोक्नु समाधान होइन।

काठमाडौंको कालोपुलस्थित जेभियर इन्टरनेसनल कलेजका प्रमुख लोकबहादुर भण्डारीका अनुसार क्याम्ब्रिजको ए-लेभल विश्वव्यापी आवश्यकतालाई ध्यानमा राखेर तयार गरिएको पाठ्यक्रम हो। 'विद्यार्थीले आफ्नो रुचि र क्षमताअनुसार विषय छनोट गर्न पाउँछन्। विदेशमा यसले मेडिकल, इन्जिनियरिङ, नर्सिङलगायत विषय अध्ययन गर्न सहज बनाउँछ,' उनले भने। उनका अनुसार नेपालमा भने मेडिकल, इन्जिनियरिङ वा नर्सिङ अध्ययन गर्न फिजिक्स, केमेस्ट्री र बायोलोजी तीनै विषय अनिवार्य भएकाले सहज रूपमा विषय छनोट गरेका विद्यार्थी आयोगको मापदण्डमा नपरी समस्यामा परेका छन्। 'क्याम्ब्रिजमा ए-लेभलमा फिजिक्स र केमेस्ट्री मात्रै पढेर पनि विज्ञान समूहको समकक्षता पाइन्छ तर नेपालमा मेडिकल, इन्जिनियरिङ र नर्सिङ अध्ययनका लागि भने यही विषय संयोजन पर्याप्त हुँदैन। विदेशमा सहज हुने व्यवस्था नेपालमा अवरोध बन्नु दुःखद हो,' उनले भने।

**पाठ्यक्रम विकास केन्द्रको भनाइ**

पाठ्यक्रम विकास केन्द्रले आफ्नो भूमिका समकक्षता प्रदान गर्ने मात्र भएको बताएको छ। केन्द्रका महानिर्देशक युवराज पौडेलले भने, 'विषय र पाठ्यघण्टा मिले पाठ्यक्रम विकास केन्द्रले समकक्षता दिन्छ तर विभिन्न नियामक निकायका आ-आफ्नै मापदण्ड हुन्छन्।'

**समाधान के त ?**

शिक्षा विज्ञहरूले ए-लेभल, आइबी तथा अन्य अन्तर्राष्ट्रिय पाठ्यक्रमका लागि स्पष्ट र छुट्टै मापदण्ड बनाउनुपर्ने सुझाव दिएका छन्। समकक्षता दिने निकाय, राष्ट्रिय परीक्षा बोर्ड र चिकित्सा शिक्षा आयोगबिच नीतिगत समन्वय नहुँदा विद्यार्थी अन्योलमा परेको उनीहरूको भनाइ छ। नेपालले ए-लेभललाई शैक्षिक रूपमा मान्यता दिए पनि चिकित्सा शिक्षा प्रवेशसम्बन्धी मापदण्डमा रहेको अस्पष्टता र कडाइका कारण धेरै विद्यार्थी प्रभावित भएका छन्। समकक्षता दिने निकाय र चिकित्सा शिक्षा नियामकबिच नीतिगत एकरूपता कायम नभएसम्म ए-लेभल विद्यार्थीको अन्योल अन्त्य हुने देखिँदैन। शिक्षा क्षेत्रमा अन्तर्राष्ट्रियकरणलाई प्रोत्साहन गर्ने हो भने स्पष्ट, पारदर्शी र पूर्वानुमान गर्न सकिने नीति निर्माण अपरिहार्य रहेको सरोकारवालाको भनाइ छ।

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०४/०८ गते शुक्रबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ५५७ को ५३४७.३८ घ.फि. काठ र साल, साल मिश्रित र अन्य दाउरा ४५.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**चन्दक चटिया महिला सा.व.उ.स., ठाकुरबाबा-५, बर्दिया**

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०४/०८ गते शुक्रबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान १४८७ को ७५८५.५७ घ.फि. काठ र साल, सिसौ/टिक र अन्य दाउरा २६.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**अमर महिला सा.व.उ.स. मधुवन-२, बर्दिया**